# दर्शन-दृष्टि

(अर्ध-वार्षिक)

*(वर्ष ३, अङ्क १, पूर्णाङ्क ५, २०७१ बैशाख)*

# Philosophical View

**(Bi-Annual)**

**Vol. 3, No. 1, S. No. 5 (2014, April)**



**सल्लाकारहरुः**
प्रा.डा. वीरेन्द्र प्रसाद मिश्र
राप्रउ पोखरेल
प्राज्ञ विष्णु प्रभात
प्राज्ञ दीपक ज्ञवाली

**सम्पादकहरुः**
डा. निर्मलमणि अधिकारी
अभय शर्मा
रविप्रसाद गुरागाईं
न्हुच्छे बहादुर महर्जन

**सम्पादन सहयोगीः**
प्रेमराज शिल्पकार

**ग्राफिक्स/डिजाईनः**
ईन्द्र राना मगर

**मुद्रणः**
बि.आर. प्रिन्टर्स
मनमैजु, काठमाडौं,
फोन नं. : ०१-४४१२३५८
मो. नं.: ९८५१०६८५६९

**मूल्य रू. १००/-**


## सम्पादकीय...

यस पाँचौं अंकलाई 'शिक्षा दर्शन' अंक बनाउने कोसिस आंशिक रुपमा सफल भएको छ । पाँच वटा शिक्षासंग सम्बन्धित लेखहरु यस अंकमा पढ्न सकिन्छ ।

नेपाली भाषामा दर्शनशास्त्रलाई सवै माझ लिएर जानुपर्छ भन्ने हाम्रो मान्यता र प्रयास हो । त्यसैले भाषाको मुख्य माध्यम नेपालीलाई नै बनाएका छौं । यद्यपी सम्प्रेषणका लागि अंग्रेजी माध्यमलाई पनि यसमा समाहित गर्ने हाम्रो नीति रही आएको छ । यस अंकमा चार वटा लेख अंग्रेजी भाषामा छन् । एउटा लेख नेपाली समाजमा त्यति जानकारी नभएको अफ्रिकी दर्शन बारेको छ, जसको आफ्नै महत्व छ । यस अंकमा समाज, भौतिकवाद, अध्यात्मदेखि जीवन दर्शनसम्मका सैद्धान्तिक र व्यावहारिक लेखहरु मार्फत समकालीन चिन्तकहरुका आफ्ना विचारहरु पस्किएका छौं ।

अब **७० को दशक दार्शनिक जागरणको दशक** बन्नुपर्छ । त्यसैले दार्शनिक वातावरणको लागि चिन्तक, दार्शनिक, दर्शनप्रेमीहरु एकै ठाउँमा बसेर ज्ञानको ज्योति बढाउन अघि बढ्नु पर्छ । यो आजको आवश्यकता हो । ''सुख, शान्ति र समृद्धिको लागि दर्शनशास्त्र'' । यो आवाजको लागि दर्शन-दृष्टिले केही भूमिका खेलिरहेको छ भन्ने हामीलाई लाग्दछ ।


**प्रकाशकः**

**नेपाल दर्शन अध्ययन केन्द्र प्रा. लि.**
डिल्लीबजार, काठमाडौं ।
**Nepal Darshan Adhyayan Kendra**
Dillibazar, Kathmandu, Nepal
Email : contact@ philosophynepal.org.np
Website : www.philosophynepal.org.np
*www.facebook.com/nepaldarshan.adhyayankendra*



**कार्य समिति**

**अभय शर्मा** (कार्यकारी अध्यक्ष)
मोबाईल नं.: ९७४१२००७२६
Email: nepal.philosopher@gmail.com

**रवि प्रसाद गुरागाईं** (सदस्य)
मोबाईल नं.: ९८४१३२०३१०
Email: ravi_abiral@yahoo.com

**न्हुच्छे बहादुर महर्जन** (सदस्य)
मोबाईल नं.: ९८४१६७२७७६
Email: chhe_nhu@yahoo.com

# सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचा

✍ *महामहोपाध्याय डा. निर्मलमणि अधिकारी* •

भाट्ट-मीमांसा-दर्शनानुसारको सञ्चारप्रक्रियाका तत्त्वहरु यसै दर्शन-दृष्टिमा पूर्वप्रकाशित लेख (अधिकारी, वि.सं २०७०) मा प्रस्तुत गरिएको थियो भने यस लेखमा ती तत्त्वहरुको संयोजनबाट अभिनिर्मित सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचा प्रस्तुत गरिएको छ। यहाँ सञ्चारप्रक्रिया भन्नाले त्यस्तो प्रणालीलाई बुझिन्छ- जसमा 'भावक'हरूले आफ्ना-आफ्ना 'शाब्दी-भावना'लाई 'अभिधान' क्रियाद्वारा व्यक्त गरी 'करण'का माध्यमबाट साझेदारी गरेका 'प्रमा'को 'बोध', उपर्युक्त प्रक्रियाका अन्य तत्त्वहरू ('दोष', 'प्रकरण' र 'जिज्ञासा') सँगको परस्परको सम्बन्धसमेतको फलस्वरूप, 'आर्थी भावना'का रूपमा गर्छन् (अधिकारी, वि.सं. २०६९क, वि.सं. २०६९ख, वि.सं. २०६९ग)।

मीमांसा-दर्शन-प्रणीत प्रमा, मान (प्रमाण) र मेय (प्रमेय) का साथै कुमारिलको ज्ञानविषयक सिद्धान्त, अभिहितान्वयवाद तथा भावना सिद्धान्तका विभिन्न पक्षहरूबारे गरिएको परिचिर्चाबाट प्राप्त निष्कर्ष अत्यन्त महत्त्वपूर्ण छ। आ-आफ्ना परिप्रेक्ष्यानुकूल पृथक्-पृथक् पारिभाषिक शब्दावलीहरू प्रयोग गरेका भए तापनि समष्टिमा कुमारिलको ज्ञानविषयक सिद्धान्त र भावना सिद्धान्तले ज्ञान-व्यापार र भावना-व्यापारका आधारभूत प्रक्रियालाई एकै तरहले व्याख्या गरेका छन्। वास्तवमा संसारमा हुने सबै किसिमका कर्मलाई भावना-व्यापारका रूपमा अथ्याउन सकिने मान्यता भाट्ट-मीमांसा-दर्शनको रहेको छ भन्दा अत्युक्ति हुँदैन। यस आधारमा सञ्चारप्रक्रिया पनि एक विशेष प्रकारको 'भावनाप्रक्रिया' नै हो। अर्थात, सञ्चारप्रक्रिया 'भावनाप्रक्रिया' कै प्रकार-विशेष हो।

मीमांसा वाङ्मयमा भावनाका अवयवका रूपमा साध्य, साधन र इतिकर्तव्यता सर्वमान्य छन् भने भावक पनि एक अनुक्त (तर स्वाभाविक) अवयवका रूपमा रहेको हुन्छ। यस परिप्रेक्ष्यमा कुमारिलको ज्ञानविषयक सिद्धान्त एवं भावना सिद्धान्तलाई भावक, साध्य, साधन र इतिकर्तव्यताका समष्टिका रूपमा बुझ्न सकिन्छ। सञ्चारको सिद्धान्तीकरणका हकमा पनि यिनै चार अवयवहरू (भावक, साध्य, साधन र इतिकर्तव्यता) लाई सिद्धान्तीकरणका चार मुख्य-विषय (theme) का रूपमा पहिचान गरिएको छ। यिनलाई सञ्चारको प्रणालीगत शृङ्खलामा संयोजन गर्दा भावक, इतिकर्तव्यता, साधन र साध्य भनी क्रमागत रूपमा राखिएको छ।

### तालिका : सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचा

| सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचाका चार मुख्य-विषयहरू | | | |
|---|---|---|---|
| कर्ता | इतिकर्तव्यता | साधन | साध्य |
| भावकहरू | अभिधान | शाब्दी भावना | आर्थी भावना |
| | बोध | प्रमा | |
| | जिज्ञासा | करण | |
| | | दोष | |
| | | प्रकरण | |

यसरी सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचामा चार मुख्य-विषयहरू रहेका छन्-

• काठमाडौं विश्वविद्यालय

भावक, इतिकर्तव्यता, साधन र साध्य । भाट्ट-मीमांसा- दर्शनका आधारमा अभिनिर्मित सञ्चारप्रक्रियाका ११ वटा तत्त्वहरू यिनै चारवटा मुख्य- विषयहरूमा समाविष्ट छन् । भाट्ट-मीमांसा- दर्शनका आधारमा अभिनिर्मित सञ्चार प्रक्रियालाई उपर्युक्त मुख्य-विषयहरूले सारतः रूपरेखाङ्कित गर्छन् ।

सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचामा प्रयुक्त सबै पदावलीहरू पारिभाषिक पदावली हुन् । अवधारणाका रूपमा यिनीहरू मीमांसा वाङ्मयबाट लिइएका हुन् । ढाँचामा यिनको प्रयोग अभिनिर्माणका रूपमा भएकाले सम्बद्ध पदहरूको मीमांसा वाङ्मयमा जे अर्थ छ, त्यही नै हुबहु ढाँचामा नहुने, प्रत्युत सम्बद्ध शोधका सन्दर्भमा अर्थ्याइन्छ । तसर्थ, उपर्युक्त पारिभाषिक पदावलीहरूको सान्दर्भिक अर्थ-बोधका लागि यिनलाई कसरी अभिनिर्मित गरिएको छ भन्ने विचार गर्नु जरुरी हुन्छ ।

## (क) कर्ता

सञ्चारप्रक्रियामा कर्ताका रूपमा भावकहरू रहन्छन् । भावक भन्नाले सामान्यतया 'भावनाप्रक्रिया'का कर्ता हुन् भने सञ्चारको परिप्रेक्ष्यमा उनीहरू सञ्चाररत पक्षहरू हुन् । प्रत्येक भावकद्वारा प्रेषक र प्रापक दुई भूमिकाको निर्वहन भएको हुन्छ । तसर्थ, सञ्चाररत दुवै पक्षको एकसाथ प्रेषक र प्रापक दुवै हैसियत रहेको मानिएको छ । यसरी, भाट्ट-मीमांसा-दर्शनानुसारको सञ्चारप्रक्रियामा दुई पक्षको सहभागिता हुने र ती दुवै पक्षको प्रेषक र प्रापक हैसियत सँगसँगै रहने हुनाले तिनलाई साझा संज्ञाले जनाइएको हो । जो व्यक्ति जुन क्रियाको कर्ता हो सोही अनुसार उसलाई नामकरण गरिने मीमांसा मान्यता रहेको पृष्ठभूमिमा सञ्चारकर्ताहरू 'भावना-क्रिया' (शाब्दी भावना र आर्थी भावनासँग सम्बद्ध) मा संलग्न हुने भएको कारणले उनीहरूलाई जनाउनका लागि 'भावक' संज्ञा उपयुक्त ठहऱ्याइएको हो ।

## (ख) इतिकर्तव्यता

इतिकर्तव्यतालाई कुमारिलले **"कर्तव्यता विशेषात्मिका"** भनी अर्थ्याएका छन् । पार्थसारथि मिश्रले *शास्त्रदीपिका*मा इतिकर्तव्यतालाई प्रकाराकांक्षा भनी अर्थ्याएका छन् । आपदेवले पनि यसलाई कर्तव्यको प्रकार नै मानेको देखिन्छ । यसरी इतिकर्तव्यताको अर्थ हुन आउँछ- कर्तव्यताप्रकार वा क्रियाप्रकार । कर्तव्यता वा क्रियाका पनि विभिन्न प्रकार हुन्छन् । इतिकर्तव्यताले ती विभिन्न प्रकारका कर्तव्यता वा क्रियालाई जनाउँछ । भाट्ट-मीमांसा-दर्शनानुसारको सञ्चारप्रक्रियाको जुन अवधारणात्मक रूपरेखा अभिनिर्मित भएको छ, त्यसमा भावकहरूले कर्ताका रूपमा सम्पन्न गर्ने भावना-व्यापार अभिधान, बोध र जिज्ञासा नै हुन् । तसर्थ, सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचामा तिनलाई इतिकर्तव्यता अन्तर्गत समावेश गरिएको हो ।

अभिधानलाई मीमांसा-मतमा एक किसिमको 'व्यापार' मानिएको छ । यो भावकको 'मानसिक प्रयत्न'को फलस्वरूप सम्पन्न हुन्छ । सञ्चारप्रक्रियाको विवरण 'भावक'को प्रेषक-कर्तृत्वबाट सुरु गरी प्रेषक हैसियतको भावकसँग सम्बद्ध भावनालाई 'शाब्दी भावना' संज्ञाले जनाइएको हुनाले उक्त 'शाब्दी भावना'लाई अभिधान-क्रियाको स्रोतका रूपमा लिइएको छ भने अभिधानद्वारा प्रकटित तत्त्वलाई प्रमा भनिएको छ । अभिधान शब्दतः (verbally) वा गैर-शब्दतः (non-verbally) हुन सक्छ । यहाँ शाब्दी भावना र प्रमाबीचको कडी नै अभिधान हो, जुन भावकले सचेतनापूर्वक सम्पन्न गर्ने कर्म हो । शाब्दी भावनाले कर्म (इतिकर्तव्यता)

को आकाङ्क्षा अवश्य राख्छ, तर यो आफैँमा कर्म भने होइन । त्यसरी नै प्रमा पनि कर्मको फलस्वरूप प्रकटित हुने हो, तर यो आफैँमा कर्म होइन । तसर्थ, शाब्दी भावना, अभिधान र प्रमा एउटै शृङ्खलामा सम्बद्ध तत्त्वहरू भए तापनि अभिधानलाई मात्र इतिकर्तव्यता अन्तर्गत राखिएको हो ।

बोधलाई पनि मीमांसा-मतमा 'व्यापार' नै मानिन्छ । 'भावना' क्रियार्थक भएकाले मीमांसा मान्यतामा भावकहरूको क्रियाशीलतालाई सदैव अङ्गीकार गरिएको एवं बोध प्रक्रियामा भावकको कर्मठ भूमिका अनिवार्य मानिएको *श्लोकवार्तिक* तथा *तन्त्रवार्तिकसमेत*का साक्ष्यबाट पुष्टि भएको अवस्थामा बोध पनि एक 'व्यापार' नै हो भनी मानिएको हो । तसर्थ, यसलाई पनि इतिकर्तव्यता अन्तर्गत राखिएको हो ।

सञ्चारप्रक्रियामा भावकहरूले गतिमान तवरले अभिधान र बोध दुवै कार्य-व्यापार सम्पन्न गरिरहेका हुन्छन् । मानवहरूमा बोध-क्षमता सामाजिक सिकाइ र व्यक्तिगत अनुभवबाट विकास हुन्छ एवं यस्तो सिकाइ एवं अनुभवले लौकिक व्यवहारमा अभिधान र बोध प्रक्रियाहरूलाई संगतिपूर्ण बनाउनमा महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने कुमारिलको मत रहेको छ । उनका मतमा गैर-शब्दतः अभिधानित सन्देशले पनि शाब्दिक सञ्चारकै नियम अनुशरण गर्ने हुनाले दैनिक जीवनमा सन्देशाभिधानका लागि प्रयुक्त गैर-शाब्दिक सन्देशको बोधका लागि पनि शाब्दिक सन्देशको बोधकै सिद्धान्त लागू हुने मानिएको छ ।

यहाँनेर विचारणीय के छ भने 'भावक'हरूले आ-आफ्ना 'शाब्दी-भावना'लाई 'अभिधान' क्रियाद्वारा व्यक्त गरी 'करण'का माध्यमबाट साझेदारी गरेका 'प्रमा'को नै हो 'बोध' हुने । यस क्रममा 'दोष', 'प्रकरण' र 'जिज्ञासा' पनि एउटै प्रणालीमा अन्तर्सम्बन्धित तत्त्वहरू हुन् । यीमध्ये अभिधानलाई इतिकर्तव्यता अन्तर्गत समावेश गर्नुपर्ने कारण प्रष्ट भइसकेको छ । शाब्दी भावना र प्रमालाई इतिकर्तव्यतामा नराख्नुपर्ने कारणले नै करण, दोष र प्रकरण पनि यस मुख्य-विषयअन्तर्गत नपर्ने तथ्यलाई वहन गर्छ । अर्थात्, शाब्दी भावना, प्रमा, करण, दोष र प्रकरण विभिन्न तरहले कर्मसँग जोडिएका भएतापनि आफैँमा कर्म भने होइनन्, तसर्थ इतिकर्तव्यता अन्तर्गत पर्दैनन् । जिज्ञासा भने कर्म हो, तसर्थ इतिकर्तव्यताकै अवयव हो ।

अभिधान र बोधजस्तै जिज्ञासालाई पनि इतिकर्तव्यताको अवयव मानिएको छ । कुमारिलका दर्शनको आधारमा रूपरेखाङ्कन गरिने सञ्चारप्रक्रियामा जिज्ञासालाई पनि एक अपरिहार्य तत्त्व मानिनुको औचित्य मीमांसाको पहिलो सूत्र ("अथातो धर्मजिज्ञासा") को विवेचनामार्फत प्रष्ट्याइसकिएको छ । सूत्रमा प्रयुक्त पदहरू 'अथः' र 'अतः'को सान्दर्भिक अर्थ एवं तिनको धर्मसम्बन्धी 'जिज्ञासा'सँगको सम्बन्धलाई भाष्यकार र वार्तिककारले गरेको व्याख्याको प्रकाशमा भाट्ट-मीमांसा-दर्शनानुसारको सञ्चारप्रक्रियामा एक तत्त्व (अभिनिर्माण) का रूपमा यसको उपयुक्ततालाई उजागर गरिसकिएको छ । जिज्ञासालाई इतिकर्तव्यताको अवयव मान्नुको पनि समुचित कारण रहेको छ । जिज्ञासाका हकमा पनि, अभिधान र बोधका प्रसङ्गमा भनिएझैँ, भावकहरूको क्रियाशीलता रहने हुनाले यसलाई इतिकर्तव्यतामा समावेश गरिएको हो ।

सञ्चारप्रक्रियामा भावकहरूको सहभागिताको क्रियान्वयन एवं साध्य-प्राप्ति

इतिकर्तव्यताबाटै हुने हुनाले भावकहरूको कर्मका रूपमा यी अत्यन्त महत्त्वपूर्ण छन् । अभिधानले नै 'प्रमा'को स्वरूप निर्धारण गर्ने हुनाले शाब्दी भावनामा निहित अभिप्रायको प्रकाशन अभिधानवश नै रहेको देखिन्छ भने 'प्रमा'को स्वरूपानुसार नै 'करण'को चयन हुने हो । यसरी नै सञ्चारप्रक्रियाका अन्य तत्त्वहरू पनि कुनै न कुनै तरहले इतिकर्तव्यताको वशमा हुन्छन् ।

### (ग) साधन

साधन शब्दका संस्कृत भाषामा अनेक अर्थहरू छन्, जसमध्ये सन्दर्भानुसार उपयुक्त अर्थ लिनुपर्ने हुन्छ । मीमांसकहरूले भावनाको अवयवका रूपमा प्रयोग गरेका साधन शब्द एक पारिभाषिक पद हो । सामान्य प्रयोगमा आउने 'सञ्चारका साधन' भनिने सामान्य पदावलीमा जस्तो साधनलाई सरणि, उपकरण वा माध्यम भन्ने अर्थमा मीमांसा वाङ्मयमा प्रयोग गरिएको छैन । वैदिक सन्दर्भमा शाब्दी भावनाको साधन भनी लिङादि प्रत्ययको ज्ञान र आर्थी भावनाको साधन भनी योगादिलाई मानिएको तथ्य यसै शोधप्रबन्धको अध्याय ३ मा चर्चा गरिसकिएको छ । यी साक्ष्यले मीमांसा वाङ्मयमा साधन शब्दको प्रयोग विशिष्ट अर्थमा हुने (सामान्य अर्थमा नहुने) छर्लङ्गै बुझिन्छ ।

सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचामा पनि 'साधन' शब्दलाई सञ्चारका सरणि, उपकरण वा माध्यमको पर्यायवाचीका रूपमा प्रयोग गरिएको छैन । यस ढाँचामा सञ्चारका सरणि, उपकरण वा माध्यमलाई जनाउने संज्ञा त 'करण' हो । शाब्दी भावना, प्रमा, प्रकरण र दोषलाई पनि 'करण'सहित साधनभित्रै समावेश गरिएको छ । यसरी साधन नामक एक मुख्य-विषय अन्तर्गत पाँचवटा तत्त्वहरू (शाब्दी भावना, प्रमा, करण, प्रकरण र दोष) अन्तर्भूत छन् ।

मीमांसा वाङ्मयमा शाब्दी भावना वा अभिधाभावनालाई शब्दनिष्ठ प्रेरणापरक (प्रवर्तनात्मक) व्यापार, व्यक्तिको प्रवृत्तिको जनक, भावक (प्रयोजक) द्वारा अर्को भावक (प्रयोज्य-व्यक्ति) को प्रवृत्तिलाई उत्पन्न गराउन आकांक्षित व्यापार-विशेष, अभिप्राय-विशेष आदिका रूपमा परिभाषा गरिएको पाइन्छ । यो भावना प्रत्येक व्यक्तिमा प्राकृतिक रूपमै हुन्छ । सामान्य-बुद्धिबाटै पनि भन्न सकिन्छ कि अनुभव, वासना, संस्कार आदिका रूपमा मानवभित्र अनेकौँ संवेगात्मक भावहरू सँगेलिएका हुन्छन् । ऊ ती भावलाई अन्य मानवसमक्ष अभिव्यक्त गर्न वा साझेदारी गर्न चाहन्छ । यस्तो अभिव्यक्तिले कुनै कर्मको अपेक्षा गर्छ, जसलाई सामान्यतः अभिव्यञ्जन र सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचाका परिप्रेक्ष्यमा अभिधान भनिएको छ । तर यहाँनेर विचारणीय कुरा के छ भने भावहरू कुनै कर्मका परिणति वा कुनै सम्भाव्य कर्मका जनक हुन सक्छन्, तर ती आफैँ कर्म भने होइनन् । यसरी नै शाब्दी भावनारूपी जो अभिप्राय-विशेष छ, त्यसलाई पनि बुझ्नुपर्ने हुन्छ ।

सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचामा इतिकर्तव्यता (अभिधान, बोध एवं जिज्ञासा) सँग शाब्दी भावनाको अभिन्न सम्बन्ध छ, तर यो आफैँ इतिकर्तव्यताभित्र अटाउँदैन । यसलाई इतिकर्तव्यताभित्र राख्नु मीमांसा मान्यताको प्रतिकूल हुन्छ, किनभने मीमांसकहरू शाब्दी भावना स्वयम्लाई साध्य, साधन र इतिकर्तव्यतासहित तीन अवयवले युक्त मान्छन् । यहाँनेर शाब्दी भावनालाई साध्य, साधन र इतिकर्तव्यतासहित तीन अवयवले युक्त मानिएको सोही कारणले यसलाई साधन अन्तर्गत राख्न पनि नमिल्ने हो कि भनेर सवाल उठाउन सकिन्छ । तर, शाब्दी

भावनाको साध्य आर्थी भावना भएकाले 'भावनाप्रक्रिया'को समष्टि विश्लेषणमा केन्द्रबिन्दु आर्थी भावना नै ठहर्छ र यहाँ शाब्दी भावनालाई साध्य भनिएको शाब्दी भावनाको आर्थी भावनासँगको सापेक्ष सम्बन्धका परिप्रेक्ष्यमा हो भन्ने तथ्यलाई ख्याल राख्नासाथ उक्त सवालको समाधान हुन जान्छ । आर्थी भावनाका दृष्टिबिन्दुबाट शाब्दी भावनालाई हेर्दा यो साधन नै हो भन्नुपर्ने हुन्छ, किनभने तबमात्र शाब्दी भावनाको साध्यका रूपमा आर्थी भावनालाई सिद्ध गर्न सकिन्छ ।

प्रेषकका हैसियतमा एक भावकले अर्को भावकलाई प्रापकका रूपमा लक्ष्य गरी आफ्नो शाब्दी-भावनानुरूप अभिधान गरेको तत्त्वलाई बुझाउने अभिनिर्माणका रूपमा यस शोधका परिप्रेक्ष्यमा रूपमा 'प्रमा' पदलाई लिइएको छ । मीमांसा वाङ्मयमा प्रमालाई यथार्थ ज्ञानको दोस्रो नामका रूपमा अभिहित गरिएको छ । 'प्रमा' र सूचना समानार्थी अवधारणाहरू मानिएको छ । अभिधानित प्रमा शाब्दिक र गैरशाब्दिक दुवै स्वरूपको हुन सक्छन् । मीमांसा परम्परामा शाब्दिक 'प्रमा'का परिप्रेक्ष्यमा जे-जस्ता मान्यताहरू स्थापित छन्, तिनलाई गैर-शाब्दिक 'प्रमा'का हकमा समेत लागू हुने मानिएको छ । 'प्रमा'को उपस्थिति निरपेक्ष छैन । यसका पूर्ववर्तीका रूपमा शाब्दी भावना र अभिधान छन् भने अनन्तरमा यसैको 'बोध' हुने हो ।

**भाट्ट-मीमांसा दृष्टिकोण अनुसारको सञ्चार सधैँ सोद्देश्य हुन्छ । उपर्युक्त उद्देश्यलाई वैदिक सन्दर्भमा 'चोदना' भनी मानिएको छ र त्यसको सार्थकतालाई 'आर्थी भावना'ले प्रकट गर्छ । प्रेरणामूलक शाब्दी भावना अनुरूप नै यस्तो आर्थी भावना प्रवर्तित हुनुलाई वैदिक एवं लौकिक दुवै परिप्रेक्ष्यमा 'भावनाप्रक्रिया'को सफलता मानिन्छ । त्यसैले सञ्चार प्रक्रियाको भाट्ट-मीमांसा ढाँचामा पनि सञ्चारप्रक्रियाको लक्ष्य वा साध्यका रूपमा 'आर्थी भावना'लाई मानिएको हो ।**

भाट्टमतानुसार, ज्ञान जहिले पनि कुनै ज्ञेय (कुनै पदार्थ वा वस्तु) मा आलम्बित हुन्छ र उक्त आलम्बित ज्ञानको अनुमान ज्ञातताबाट हुन्छ । यसरी यहाँ ज्ञान (प्रमा) लाई ज्ञातता (प्राकट्य) का आधारमा मात्र बुझिन्छ, जो एक 'गुण' मानिएको छ । यसरी ज्ञानलाई इतिकर्तव्यता र साध्य दुवै मान्न सकिँदैन भन्ने नै देखिन्छ । त्यसैले सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचामा पनि यसलाई इतिकर्तव्यता र साध्य दुवैको तत्त्व नमानिएको हो । यो अभिधान सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचामा एक इतिकर्तव्यता (विशेष) को फलस्वरूप अभिव्यक्त हुने तत्त्व मानिएको एवं आर्थी भावना (सञ्चार प्रक्रियाको भाट्ट-मीमांसा ढाँचामा साध्य) को प्राप्तिमा एक मुख्य साधन भएकाले नै यसलाई सञ्चार प्रक्रियाको भाट्ट-मीमांसा ढाँचाको एक मुख्य-विषय 'साधन'मा अन्तर्भुक्त गरिएको हो ।

शाब्दी भावना र प्रमाजस्तै करण, प्रकरण र दोषलाई पनि सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचा 'साधन'मा अन्तर्भुक्त गरिएको छ । यी तीनवटै अवयवहरू सञ्चारप्रक्रियाका अभिन्नतम अङ्ग हुन् र एकै प्रणालीका सहभागी तत्त्वहरूका हैसियतमा यिनले सञ्चारको ढाँचाका अन्य तत्त्वहरूमाथि प्रत्यक्ष एवं निर्णायक प्रभाव पार्छन् । 'करण'बिना भावकहरूबीच 'प्रमा'को साझेदारी नै हुँदैन भने 'प्रकरण' नबुझी एवं 'दोष' परिहार नगरी 'प्रमा'को बोध हुन सक्दैन वा अपसञ्चार हुन्छ ।

कुनै एक भावकले प्रेषक हैसियतमा अभिधान गरेको सूचना (प्रमा) निज भावकद्वारा प्रापकका रूपमा लक्ष्य गरिएको अर्को भावकसम्म पुग्नका लागि केही माध्यमको आवश्यकता पर्छ । एक भावकद्वारा अभिधानित 'प्रमा' अर्को भावकसम्म पुग्दा प्रयुक्त हुने माध्यम अभिधानित सूचनाको प्रकृति अनुसार श्रव्य, दृश्य, स्पृश्य, नस्य र रसात्मकमध्ये कुनै एक वा एकभन्दा बढी हुन सक्छन् । मीमांसाको ज्ञान सिद्धान्त एवं भावना सिद्धान्तका आधारमा के देखिन्छ भने यहाँ प्राकृतिक/भौतिक वस्तुहरूका साथै मानव शरीर, ज्ञानेन्द्रिय र मनलाई समेत ज्ञानको सरणिका रूपमा स्वीकार गरिएको छ । आधुनिक प्राविधिक मिडियाबारे प्राचीन मीमांसा वाङ्मयमा उल्लेख नहुनु स्वाभाविकै हो । यद्यपि, आधारभूत रूपमा ज्ञानकरण (सरणि वा माध्यम) लाई निर्णायक कडीका रूपमा लिई विशद चिन्तन गरिएको तथ्यलाई आधार मानी वर्तमानमा अभिनिर्मित सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचामा आधुनिक प्राविधिक मिडियालाई अङ्गीकार गर्नु नै यथार्थपरक हुनेछ । तसर्थ, यस शोधका हकमा 'करण' भनी अभिहित गरिएको पदले आधुनिक सञ्चार विधामा सञ्चारप्रक्रियाको एक तत्त्वका रूपमा माध्यम/सरणि संज्ञाले जुन तत्त्वलाई जनाइएको छ, त्यसलाई सम्पूर्णतः प्रतिनिधित्व गर्ने मानिएको छ ।

सञ्चारप्रक्रियामा नकारात्मक असर पार्ने सबै कुराहरूलाई यहाँ 'दोष' पदले अभिहित गरिएको छ । कुमारिल भट्टका चिन्तनका आलोकमा रूपरेखाङ्कित सञ्चारप्रक्रियाको एक तत्त्वका रूपमा अभिनिर्मित 'दोष' मीमांसा परम्परामा प्रयुक्त भइआएकै संज्ञा हो । मीमांसा वाङ्मयमा दोषबारे गहन चिन्तन गरिएको छ, जसबाट सञ्चारप्रक्रियामा दोषको विद्यमानताका अनेक कारणहरू हुने, जति बढी दोष भयो उति नै बढी दोषपूर्ण बोध हुने एवं भावकहरूबीच अपेक्षाकृत सफल सञ्चारका लागि दोषको निर्हरण/परिहार अनिवार्य हुने तथ्यहरू उजागर हुन्छन् । भाट्ट-मीमांसा परम्परामा सञ्चारप्रक्रियामा दोषका रूपमा मनोवैज्ञानिक, सांस्कृतिक, वातावरणीय आदि पक्षहरूलाई खुट्याइएको देखिन्छ । भाषागत वा अभिप्रायजन्य दोष, करणको कारणले हुने दोष, आत्मअभिव्यञ्जनमा समस्या, बोधमा वैभिन्य, अज्ञान आदिका कारणले समग्र ज्ञान - प्रक्रिया नै दोषपूर्ण हुने तथ्यप्रति मीमांसकहरू सुविज्ञ देखिन्छन्।

'सन्दर्भ-सापेक्षता'को सिद्धान्तलाई स्थापित गर्नु मीमांसकहरूको विशेष उद्देश्य रहेकोबारे मेरो विद्यावारिधि शोधप्रबन्धको अध्याय ३ मा सविस्तार विमर्श भएको छ (अधिकारी, वि.सं. २०६९क) । कुमारिल स्वयम्ले मानव कर्तृत्व (human agency) का साथै स्थान, समय, भौतिक परिवेश, मनोसामाजिक परिप्रेक्ष्य आदिसमेतका आलोकमा मात्र बोध हुन सक्ने बताएका छन् भन्ने कुरा पनि सोही अध्यायमा प्रासंगिक स्थानमा उल्लेख भइसकेको छ । तसर्थ, सञ्चारप्रक्रियामा 'सन्दर्भ-सापेक्षता'को सिद्धान्तलाई आत्मसात गरिएको छ । सञ्चारप्रक्रियामा साधनत्वेन मानिएको 'प्रकरण' मा भौतिक परिवेश, सामाजिक अवस्था, सांस्कृतिक पक्ष आदिजस्ता पक्षहरू रहेका हुन्छन् र ती सबैको समष्टिले सञ्चारप्रक्रियाको प्रणालीबद्ध संरचनामा अन्य तत्त्वहरूमाथि प्रत्यक्ष प्रभाव पार्छ ।

मीमांसादर्शनमा 'स्वतः प्रामाण्यवाद' अनुसार ज्ञानको प्रामाण्य स्वतः र अप्रमाण्य परतः मानिने हुनाले ज्ञानको साधन (ज्ञान-उत्पादन सामग्री वा ज्ञान-उत्पादक कारणहरू) को प्रामाणिकतामा जोड दिइन्छ

भन्ने तथ्य अघिल्लो अध्यायमै सुविचारित छ। ज्ञानको साधन (ज्ञान-उत्पादन सामग्री वा ज्ञान-उत्पादक कारणहरू) दोषपूर्ण रहे भने तिनले दिने ज्ञान पनि दोषपूर्ण (अयथार्थ) हुन्छन्। अर्थात्, यथार्थ ज्ञानका लागि साधनको दोषरहितता लाई मीमांसा-मतमा अत्यन्त महत्त्व दिइएको छ।

सामान्यीकरण हुँदा यसबाट के भन्न सकिन्छ भने सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचामा भावक, इतिकर्तव्यता र साधन सबै नै यथोचित सुसम्बद्ध भएमा मात्र तिनीहरूका परस्परको सम्बन्धबाट सृजित प्रणालीको सही तवरले संरचना हुन्छ एवं उपर्युक्त प्रणालीको फलस्वरूप आर्थी भावनाको प्राप्ति-रूपी परिघटना सफलतापूर्वक घटित हुन्छ। साध्यका दृष्टिबिन्दुबाट नै कुनै पनि प्रक्रियाको सफलता वा असफलता मूल्याङ्कन गरिने हुनाले सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचामा पनि भावक, इतिकर्तव्यता र साधन सबै नै साध्यका सापेक्षमा नै हेरिन्छन्।

### (घ) साध्य

सञ्चारप्रक्रियाको मूल उद्देश्य, लक्ष्य प्राप्तव्यलाई नै 'साध्य' संज्ञाले अभिहित गरिएको हो। 'शाब्दी भावना'मा अपेक्षित कार्य-व्यापार वा कर्मानुष्ठान नै 'आर्थी भावना'बाट प्रवृत्त हुने कारणले मीमांसाको भावना सिद्धान्तमा 'आर्थी भावना'लाई 'शाब्दी भावना'को साध्यका रूपमा लिइएको हो। भावनालाई 'साध्यरूपिणी' भनिएको हुँदा 'आर्थी भावना' नै भावना-व्यापारको लक्ष्य मानिएको देखिन्छ। मीमांसा परम्परानुकूल नै भाट्ट-मीमांसा-दर्शनका आधारमा अभिनिर्मित सञ्चारप्रक्रियाको साध्यका रूपमा 'आर्थी भावना'लाई अङ्गीकार गरिएको हो। यसरी आर्थी भावना नै सामान्यतः भावनाप्रक्रियाको र विशेषतः भाट्ट-मीमांसा-दर्शनानुसार अभिनिर्मित सञ्चारप्रक्रियाको साध्यका रूपमा मानिएको छ।

कुमारिलका मतमा, भावना सदैव क्रिया (कर्म वा व्यापार) बाट व्यवहृत हुने कुरा हो र यसैमा भावनाको सार्थकता छ। मीमांसा परम्परामा भाव्यत्व, साध्यत्त्व र कर्मत्वलाई पर्यायवाची शब्दहरू मानिएका छन्। यसको तात्पर्य के हो भने भाट्ट-मीमांसा दृष्टिकोण अनुसारको सञ्चार सधैँ सोद्देश्य हुन्छ। उपर्युक्त उद्देश्यलाई वैदिक सन्दर्भमा 'चोदना' भनी मानिएको छ र त्यसको सार्थकतालाई 'आर्थी भावना'ले प्रकट गर्छ। प्रेरणामूलक शाब्दी भावनाअनुरूप नै यस्तो आर्थी भावना प्रवर्तित हुनुलाई वैदिक एवं लौकिक दुवै परिप्रेक्ष्यमा 'भावनाप्रक्रिया'को सफलता मानिन्छ। त्यसैले सञ्चारप्रक्रियाको भाट्ट-मीमांसा ढाँचामा पनि सञ्चारप्रक्रियाको लक्ष्य वा साध्यका रूपमा 'आर्थी भावना'लाई मानिएको हो। यस पृष्ठभूमिमा भाट्ट-मीमांसा दृष्टिकोण अनुसारको सञ्चार सधैँ सोद्देश्य हुन्छ भनी भावकहरूको इतिकर्तव्यता सदैव उपर्युक्त 'आर्थी भावना'को प्राप्तितर्फ नै लक्ष्यित हुनु पर्छ भन्ने निर्देश गरिएको हो।

**मुख्य सन्दर्भ सामग्रीहरू** :


अधिकारी, निर्मलमणि। वि.सं. २०६९क। सञ्चाप्रक्रियाको भाट्ट-मीमांसा-दार्शनिक अध्ययन। विद्यावारिधि शोधप्रबन्ध। वसन्तपुर, काठमाडौं : नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र।

अधिकारी, निर्मलमणि। वि.सं. २०६९ख। मीमांसा दर्शनको भावना सिद्धान्त। मधुपर्क, ४५(६), ३४-३७।

अधिकारी, निर्मलमणि। वि.सं. २०६९ग। मीमांसा-दार्शनिक सञ्चार-सिद्धान्तीकरण र आर्थी भावना। दर्शन-दृष्टि, २ (१), ३६-३७।

अधिकारी, निर्मलमणि। वि.सं. २०७०। सञ्चारप्रक्रियाका तत्त्वहरू : भाट्ट-मीमांसा- दार्शनिक दृष्टिकोण। दर्शन-दृष्टि, २(२), ५४-६१।


❑